अनुसूची (२)

(दफा ३ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भीरकोट राजपत्र

## भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ६ संख्या २ मितिः २०८०/०३/१९

**भाग-१**

**भीरकोट नगरपालिका**

## शिक्षा ऐन, २०७५

**पहिलो संशोधन, २०८०**

नगरसभाबाट स्वीकृत मितिः२०८०/०३/०८

**परिच्छेद २ को दफा १२ पछि देहाय बमोजिमको दफा १२ (क) थप गर्ने**

१२.क (१) नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु देहायको आधारमा एक आपसमा मर्ज गरिनेछ ।

क) व्यवस्थापन समितिको सिफारिस
ख) वडा शिक्षा समितिको सिफारिस
ग) शिक्षक विद्यार्थी अनुपात
घ) विद्यार्थि संख्या
ङ) सेवा क्षेत्रमा (Coverage Area) आगामी वर्षहरुमा विद्यार्थी भर्ना हुने सम्भावना तथा वडा कार्यालयमा रहेको जन्मदर्ताको विवरणका आधारमा

(२) उपदफा (१) बमोजिम मर्जमा जाने विद्यालयको भौतिक सम्पत्तिको व्यवस्थापन देहायका आधारहरुमा गरिनेछ।

क) गाभिने विद्यालयलाई आवश्यक पर्ने सुचना प्रविधिसंग सामाग्री र फर्निचरहरु सोही विद्यालयमा व्यवस्थापन गर्ने ।
ख) भवन समेतका अन्य सम्पत्ति वडा शिक्षा समितिको निर्णयानुसार व्यवस्थापन गर्ने ।

१२.क १ **वडा शिक्षा समितिको गठनः** (१) वडा कार्यालय अन्तगर्त रहेका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तरमा सुधार, पुर्वाधार विकास लगायतका कार्य गर्न देहायबमोजिमको वडा समितिको गठन गरिने छ ।

| | |
|---|---|
| क. सम्बन्धित वडाको वडा अध्यक्ष | अध्यक्ष |
| ख. वडा समितिका सदस्य मध्ये जेष्ठ सदस्य | सदस्य |
| ग. वडा समितिले सिफारिस गरेको शिक्षक प्रतिनिधि | सदस्य |
| घ. समितिको सिफारिसमा व्यवस्थापन समितिका अध्यक्ष मध्ये एक जना प्रतिनिधि | सदस्य |
| ङ. वडा कार्यालय अन्तरगत रहेका सामुदायिक विद्यालयका प्राध्यापकहरु मध्ये वडा समितिले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| च. सम्बन्धित वडाको सचिव | सदस्य सचिव |

१२.क २ उपदफा १ बमोजिम गठित वडा शिक्षा समितिले वडा अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार भौतिक पुर्वाधार निर्माण दुई वा दुई भन्दा बढी विद्यालयको मर्ज विद्यालयको तह घटाउने वा बढाउने समेतका विषयमा नगर शिक्षा समितिलाई आवश्यकता अनुसार राय, सल्लाह सुझाव वा सिफारिस गर्नेछ।

(३) वडा शिक्षा समितिले आफ्नो वडा भित्र रहेका सामुदायिक विद्यालयहरुमा गुणस्तरिय शिक्षा प्रदानका लागि पहल गर्नेछन।

(४) वडा शिक्षा समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

## शिक्षा ऐन, २०७५ को परिच्छेद ३ को सट्टामा देहाय बमोजिमको परिच्छेद ३ राख्ने

१४. **शिक्षक तथा विद्यालय कर्मचारी सरुवा सम्बन्धी व्यवस्थाः-** (१) नगरस्तरमा रहेका सामुदायिक विद्यालयहरुमा लगातार २ वर्षभन्दा बढी एउटै विद्यालयमा कार्यरत शिक्षकलाई निजको विषय र तह मिल्ने गरि अर्को विद्यालयमा सरुवा गरिनेछ

(२) उपदफा (१) बमोजिम शिक्षक सरुवा शैक्षिक सत्र शुरुहुने समयभन्दा अगाडी गरिनेछ ।

(३) उपदफा (२) बमोजिम शिक्षक तथा विद्यालय कर्मचारीको सरुवा गर्दा वडा शिक्षा समिति, नगर शिक्षा समिति वा नगरकार्यपालिको सिफारिशका आधारमा गरिनेछ ।

(४) उपदफा (३) बमोजिमका समितिहरुले शिक्षक सरुवाको सिफारिश गर्दा देहायका आधारमा गरिने छ ।

क. कार्यरत विद्यालय र सरुवा भै जाने विद्यालयको दोहोरो सहमति र निवेदन सहितको सिफारिस पत्र ।

ख. सामुदायिक विद्यालयहरुलाई एक आपसमा मर्ज भइ दरवन्दी मिलान गर्नु परेमा ।

ग. सामुदायिक विद्यालयहरुको दरवन्दी मिलान गर्नु पर्ने भएमा ।

(५) उपदफा (४) बमोजिमका समितिहरुको सिफारिसका आधारमा निम्न माध्यमिक तहसम्मको शिक्षकको सरुवा शिक्षा शाखा प्रमुखले र माध्यमिक तहको शिक्षकको सरुवा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(६) उपदफा (१) (२) (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा जुनसुकै समयमा शिक्षकलाई काज खटाउन बाधा पर्ने छैन ।

क. शिक्षक कार्यरत विद्यालयको व्यवस्थापन समितिले शिक्षक सरुवाको लागि सिफारिस गरेमा ।

ख. विद्यालयको शिक्षण सिकाई वातावरणमा प्रतिकुल असर परेको भनि वडा शिक्षा समितिले सिफारिस गरेमा।

ग. शिक्षक, शिक्षक कर्मचारी, विद्यार्थी व्यवस्थापन समितिका पदाधिकारी र समुदायका विचमा मैत्रिपुर्ण व्यवहार नभएमा।

घ. समयको पालना बारम्बार उल्लघन गरेमा ।

ङ. शिक्षण सिकाई प्रकृयामा निरन्तरता नदिएमा ।

च. विद्यालय समयमा मादक पदार्थको सेवन गरेमा ।